**सोलुदुधकुण्ड नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, सोलुखुम्बु**

# विनियोजन विद्येयक

सोलुदुधकुण्ड नगरपालिका, सोलुखुम्बुको आर्थिक वर्ष २०८१/८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विद्येयक

सभाबाट स्वीकृत मिति : २०८१/०३/१०

**प्रस्तावना :**

सोलुदुधकुण्ड नगरपालिका, सोलुखुम्बुको आर्थिक वर्ष २०८१/८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम सोलुदुधकुण्ड नगरपालिकाको नगर सभाले यो विद्येयक बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस विद्येयकको नाम "सोलुदुधकुण्ड नगरपालिका, सोलुखुम्बुको विनियोजन विद्येयक, २०८१" रहेको छ।

(२) यो विद्येयक २०८१ साल श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०८१/८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :**

(१) आर्थिक वर्ष २०८१/८२ को  निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च रकम रु. **४५,४६,३९,९९८/-** (अक्षेरुपी पैतालिस करोड छयालिस लाख उन्नचालिस हजार नौ सय अन्ठानब्बे मात्र) र पूँजिगत खर्च रकम रु. **२२,१६,५४,०००।-** (अक्षेरुपी बाईस करोड सोह्र लाख चौवन्न हजार मात्र) समेत गरी जम्मा रकम रु. **६७,६२,९३,९९८/-** (अक्षेरुपी सतसठ्ठी करोड बैसठ्ठी लाख त्रियानब्बे हजार नौ सय अन्ठानब्बे मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३ . **विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/८२ को निमित्त सोलुदुधकुण्ड नगरपालिका, सोलुखुम्बुको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनै शिर्षकमा बचत हुने र कुनै शिर्षकमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन

सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

**अनुसुची १**

**राजस्व तथा अनुदान प्राप्तिको अनुमान**

**आ.व. : २०८१/८२**

| **क्र.स** | **शीर्षक** | **आ.व. २०८१/८२ को अनुमान** |
|---|---|---|
| | **संघीय सरकारवाट प्राप्त हुने** | |
| १. | समानिकरण अनुदान | १२,७१,००,००० |
| २. | राजश्व वाँडफाँट | ९,६६,६५,२६४ |
| ३. | शसर्त अनुदान चालु | ३१,८५,९९,००० |
| ४. | शसर्त अनुदान पुँजीगत | ३,४०,००,००० |
| ६. | समपुरक कोष | ८०,००,००० |
| | **क- जम्मा संघीय सरकारवाट प्राप्त हुने** | **५८,४३,६४,२६४** |
| १. | **प्रदेश सरकारवाट प्राप्त हुने** | |
| २. | समानिकरण अनुदान | ८०,५८,००० |
| ३. | शसर्त अनुदान चालु | ४८,२५,००० |
| ४. | शसर्त अनुदान पुँजीगत | ६०,००,००० |
| ५. | समपुरक अनुदान पूँजीगत | १,३०,००,००० |
| ६. | सवारी कर राजश्व वाँडफाँट | १,०६,१२,००० |
| | **ख-जम्मा प्रदेश सरकारवाट प्राप्त हुने** | **४,२४,९५,०००** |
| | **आन्तरिक श्रोतबाट प्राप्त हुने** | |
| १ | भुमिकर/मालपोत | २०,००,००० |
| २ | घरवहाल कर | १५,००,००० |
| ३ | वहाल विटौरी कर | ३,५०,००० |
| ४ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर | ३,००,००० |
| ५ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १,६०,००० |
| ६ | विद्युत सेवा शुल्क | १५,००,००० |

| | | |
|---|---|---|
| ७ | अन्य सेवा शुल्क तथा बिक्री (फोहोर मैला व्यवस्थापन शुल्क) | १०,००,००० |
| ८ | न्यायिक दस्तूर | ५०,००० |
| ९ | परीक्षा शुल्क | ३०,००० |
| १० | नक्सापास दस्तुर | १५,००,००० |
| ११ | सिफारिश दस्तुर | १२,००,००० |
| १२ | व्यक्तिगत घटना दर्ता दस्तुर | २,००,००० |
| १३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ९,००,००० |
| १४ | रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | १,००,००० |
| १५ | वन क्षेत्रको आय | २७,००,००० |
| १६ | न्यायिक दण्ड, जरिवाना र जफत | १०,००० |
| १७ | कवाडी जन्य वस्तु संकलन तथा निकासी शुल्क (अखेटोपहारमा लाग्ने कर) | १५,००,००० |
| १८ | अन्य संस्थागथ आन्तरिक अनुदान | २०,००,००० |
| २३ | अन्य दस्तुर | ३०,००,००० |
| | **ग- जम्मा आन्तरीक स्रोत तर्फको आम्दानी** | **२,००,००,०००** |
| | **राजस्व बाँडफाँडबाट प्राप्त रकम** | |
| १ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | ४६,२६,३२१ |
| २ | बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | ४६,२०,८४२ |
| ३ | बाँडफाँड भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | १,२१,८७,५७१ |
| ४ | घर जग्गा रजिष्ट्रेशन | ८०,००,००० |
| | **घ- जम्मा राजश्व वाँडफाँट तर्फको आम्दानी** | **२,९४,३४,७३४** |
| | **कुल जम्मा आम्दानी क+ख+ग+घ** | **६७,६२,९३,९९८** |

## राजस्व तथा अनुदान तर्फको व्यय अनुमान

## आ.व. : २०८१/८२

## आ.व. २०८१/८२ को सोलुदुधकुण्ड नगरपालिकाको चालु तर्फको वजेट

| क्र.सं | शीर्षक | विनीयोजित वजेट |
|---|---|---|
| **१. संघीय शसर्त अनुदान तर्फ** | | |
| क) | शिक्षा तर्फ | २५,६२,६३,००० |
| ख) | स्वास्थ्य तर्फ | ४,३९,१८,००० |
| ग) | कृषी तर्फ | ३१,७३,००० |
| घ) | पशु तर्फ | १४,९७,००० |
| ङ) | लघु उद्यम तथा रोजगार तर्फ | १,२५,५३,००० |
| च) | महिला तथा पंजीकरण | ११,९५,००० |
| | **संघीय शसर्त चालु तर्फको जम्मा** | **३१,८५,९९,०००** |
| **२. निसर्त अनुदान चालु तर्फ** | | |
| क) | खेलकुद तर्फ | २०,००,००० |
| ख) | लक्षित वर्ग तर्फ | ३०,००,००० |
| ग) | पर्यटन | १५,००,००० |
| घ) | विभिन्न दिवश तथा संघ संस्था कार्यक्रम | २५,००,००० |
| ङ) | धार्मिक चाडपर्व सहयोग | १५,००,००० |
| च) | संस्थागत क्षमता विकास तर्फ | २०,००,००० |
| छ) | वोङ्छु मेमोरियल अस्पताल टाप्टिङ सञ्चालन खर्च | ४०,००,००० |
| ज) | आधारभुत तथा शहरी स्वास्थ्य केन्द्र सञ्चालन खर्च | १८,००,००० |
| झ) | न्यायिक समिति सञ्चालन खर्च | २०,००,००० |
| ञ) | वडा कार्यालयहरुको प्रशासनिक खर्च वापत (११ वटै कार्यालयहरु) | ६६,००,००० |
| ट) | कार्यालयको सवारी साधन तथा मेसिनरी औजार ईन्धन तथा मर्मत खर्च वापत | २,००,००,००० |
| ठ) | एस ई ई मा उत्कृष्ठ नतिजा ल्याउने विद्यालय तथा विद्यार्थी सम्मान | ५,५०,००० |
| ड) | पदाधिकारी सुविधा | ९५,००,००० |
| ढ) | कर्मचारी तलव तथा प्रशासनीक खर्च | ७,४२,६५,९९८ |
| | **निसर्त अनुदान चालु तर्फको जम्मा** | **१३,१२,१५,९९८** |
| | **३. प्रदेश सशर्त** | **४८,२५,०००** |
| | **कुल जम्मा चालु तर्फ** | **४५,४६,३९,९९८** |

## आ.व. ०८१/८२ को सोलुदुधकुण्ड नगरपालिकाको पूँजीगत तर्फको वजेट

| क्र.सं. | शीर्षक | विनियोजित बजेट |
|---|---|---|
| १. | संघीय सरकार शसर्त | ३,४०,००,००० |
| २. | संघीय समपुरक अनुदान | ८०,००,००० |
| ३. | प्रदेश समपुरक | १,३०,००,००० |
| ४. | प्रदेश शसर्त | ६०,००,००० |
| ५. | वडा तर्फको पूँजीगत योजना | ३,८५,००,००० |
| ६. | नगरस्तरीय योजना तर्फ | १२,२१,५४,००० |
| | **पूँजीगत तर्फको जम्मा रकम रु.** | **२२,१६,५४,०००** |
| | **चालु र पूँजीगत तर्फको कुल जम्मा रकम रु.** | **६७,६२,९३,९९८** |